# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या ७ मिति:- २०८०।०६।०२

भाग:२

छबिसपाथिभेरा गाउँपालिका गाउँ शिक्षा नियमावली, २०७५ दोस्रो संशोधन

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०८०।०५।२९

राजपत्रमा प्रकाशन मिति:- २०८०।०६।०२

आज्ञाले
गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

| हालको व्यवस्था | संशोधित प्रावधान |
|---|---|
| गाउँशिक्षा नियमावली, २०७५ को नियम ५० को उपनियम २ विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णय बमोजिम पाँच वर्षको लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्त गर्नेछ। | गाउँशिक्षा नियमावली, २०७५ को नियम ५० को उपनियम २ विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई शिक्षा अधिकृतको राय लिई प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्त गर्नेछ साथै सो नियुक्तिको निर्णय लगत्तै बस्ने शिक्षा समितिको बैठक बाट अनुमोदन गराउनु पर्नेछ। |
| गाउँ शिक्षा नियमावली, २०७५ को नियम ५४ को उपनियम १ खण्ड (ग) गाउँपालिकाले तोकेको १ जना प्रतिनिधि – सदस्य | गाउँ शिक्षा नियमावली, २०७५ को नियम २६ को उपनियम १ खण्ड (ग) संशोधन शिक्षा विकास तथा समन्वय इकाईको प्रतिनिधि - सदस्य |
| नियम ५४ को उपनियम ३ माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षा शस्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शात्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका विज्ञको रोष्टरमा सूचीकृत भएका व्यक्तिहरु मध्यबाट उपलब्ध भए सम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँकार्यपालिकाको सिफारिसमा व्यवस्थापन समितिले मनोनित गरेका २ जना | नियम ५४ को उपनियम ३ परीक्षालाई पारदर्शि र निष्पक्ष रुपमा संचालनका लागि माध्यमिक तह र आधारभूत तह (६-८) को हकमा विषयगत र प्राथमिक तहको हकमा गाउँपालिकामा सूचीकृत सबै विषयविज्ञहरु मध्यबाट परीक्षा संचालन हुने दिन विहान शिक्षा विकास तथा समन्वय इकाईको प्रतिनिधि, शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधिको रोहवरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षक छनौट समितिका अध्यक्ष र विद्यालयको प्रधानाध्यापकद्वारा गोलाप्रथाको माध्यमबाट छनौट गरेका २ जना विषयविज्ञ – सदस्य |
| नियम ५४ को उपनियम ३ खण्ड 'क' उपनियम ३ बमोजिम प्रधानाध्यापक नियुक्तिको सिफारिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेद्वार नभएको उपलब्ध बरिष्ठतम शिक्षकले सदस्य सचिव भै काम गर्नेछ। | नियम ५४ को उपनियम ३ खण्ड 'क' खारेजी |
| नियम ५४ को उपनियम ३ खण्ड 'ख' शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गाउँपालिकाको स्रोत केन्द्रमा राख्नु पर्नेछ। | नियम ५४ को उपनियम ३ खण्ड 'ख' शिक्षक छनौट परीक्षा संचालनको लागि परीक्षा केन्द्र गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ। |

आज्ञाले
गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी
नि.प्रमुख प्रशासकीय अधिकृत